# जोशीपुर गाउँपालिका

## गाउँ सभा बैठकमा

## गाउँपालिका अध्यक्ष श्री चित्र बहादुर चौधरीज्यू द्धारा प्रस्तुत

## आर्थिक बर्ष २०८१/०८२ को

## नीति तथा कार्यक्रम

जोशीपुर गाउँपालिका

**गाँउ कार्यपालिकाको कार्यालय**

सुदूरपश्चिम प्रदेश, नेपाल

जोशीपुर, कैलाली

**०९ आषाढ, २०८१**

आदरणीय सभा उपाध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु,

यस जोशीपुर गाउँपालिकाको अध्यक्षको हैसियतले बाह्रौ गाँउ सभाको यस गरिमामय बैठकमा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु ।सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकार गठन भई स्थानीय तहको दोस्रो स्थानीय सरकार तथा जोशीपुर गाउँपालिकाको बाह्रौ गाउँ सभा समक्ष आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा म गौरवान्वित छु ।

यस जोशीपुर गाउँपालिकाको गाउँ सभाको अवसरमा मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रुपान्तरणका लागि भएका नेपालको प्रजातान्त्रिक आन्दोलन, ऐतिहासिक जनआन्दोलन, थारुहट आन्दोलन लगायत बिभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै घाईते तथा बेपत्ता नागरिकलाई उच्च सम्मान प्रकट गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अग्रपङ्तिमा रहेर नेतृत्व गर्नुहुने नेतृत्वकर्ता एवम सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुर्‍याएको योगदानलाई आदरपूर्वक स्मरण गर्न चाहन्छु ।

जोशीपुर गाउँपालिकाको बाह्रौ गाउँ सभा सम्म हामी जनप्रतिनिधिहरुको दुई वर्ष कार्यकाल पुरा भएको छ । उक्त अवधी सम्म हामीलाई जनताले सुम्पिएको जिम्मेवारीलाई इमान्दारीपुर्वक पुरा गरिरहेका छौ र अगामी वर्षमा पनि गर्ने नै छौ ।यस जोशीपुर गाउँपालिकाको साथै मुलुकको बृहत्तर हितमा समर्पित रहँदै आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गई रहेको छु ।

सभाका सदस्यज्यूहरु,

**स्वास्थ्य**

१. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पालिकावासीको पहुँच सुनिश्चित गर्नुका साथै नवशिशु स्वास्थ्य, बाल स्वास्थ्य र पोषण, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोगहरूको रोकथाम तथा व्यवस्थापन, महामारी नियन्त्रण तथा स्वास्थ्य प्रवर्धन कार्यक्रममा विशेष जोड दिइनेछ।

२. प्रसुति स्याहार तथा व्यवस्थापनका लागि निःशुल्क एम्बुलेन्स सेवा व्यवस्थापन गरिनेछ।

३. जोशीपुर गाउँपालिका पूर्ण खोप घोषणा भइसकेको अवस्थामा बालबालिकाहरुलाई दिइने सबै खोप कार्यक्रम लाई विशेष प्राथमिकता दिदैं पूर्ण खोप सुनिश्चितताका साथै दिगोपना कायम गरिनेछ।

४. स्वास्थ्य केन्द्रहरुको सेवा प्रवाहमा सुधार र स्तरीकरण गरिनेछ।

५. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, किशोरकिशोरी प्रजनन् स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक विद्यालयमा निःशुल्क स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

६. स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवालाई सर्वसुलभ तथा प्रभावकारी बनाउन गुणस्तरीय औषधी तथा औजार उपकरण सामग्रीको नियमित आपूर्ति गरी उपलब्धता सुनिश्चित गरिनेछ।

७. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सेवा सुदृढ बनाउनका लागि प्रदान गरिदैं आएको महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहनलाई निरन्तरता दिइनेछ। दिर्घ सेवा गरेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन रकम सहित सम्मानजनक विदाई गरिनेछ।

८. **" समुदायसँग अध्यक्ष स्वास्थ्य कार्यक्रम "** शुरुवात गरी लक्षित वर्ग, असहाय, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यकता अनुसार समुदायका घर टोलमा स्वास्थ्यकर्मी परिचालन गरी स्वास्थ्य सेवा प्रदान गरिनेछ।

९. स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवा सञ्चालनलाई सुदृढीकरण गरिनेछ। गर्भवती महिलालाई आधारभूत प्रयोगशाला सेवा निःशुल्क कार्यक्रम निरन्तरता दिइनेछ।

१०. जोशीपुर गाउँपालिकावासीहरुको स्वास्थ्य अवस्था मध्येनजर गर्दै निजी अस्पताल तथा संघ संस्थासँगको सहकार्यमा "एकिकृत स्वास्थ्य शिविर" सञ्चालन गरिनेछ।

११. "उपाध्यक्ष सुत्केरी भेटघाट कार्यक्रम" भन्ने नाराका साथ आमा र बच्चाको पोषणमा विशेष जोड दिई पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

**शिक्षा, यूवा तथा खेलकूद**

१. शिक्षक, बिद्यार्थी अनुपात र विषयका आधारमा सामुदायिक बिद्यालय समायोजन, दरबन्दी मिलान र प्रधानाध्यापक व्यवस्थापन गरिनेछ ।

२. विद्यालय निरिक्षण अनुगमन र तथ्याङ्क संकलनलाई थप प्रभावकारी बनाउन गाउँ शिक्षा समिति र वडा शिक्षा समितिलाई परिचालन गरिनेछ ।
३. संस्थागत बिद्यालयहरुको वर्गीकरण गरी शुल्क निर्धारण गरी नियमन गरिनेछ ।
४. स्थानीय विषयको पाठ्यपुस्तक र सन्दर्भ सामाग्री तयार गरी शिक्षण सिकाईलाई व्यवस्थित गरिनेछ ।
५. पालिकामा यूवा मैत्री स्थानीय शासन प्रवर्द्धन गर्न पहल गरिनेछ ।
६. विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रधानाध्यापक संग कार्यसम्पादन करार गरिनेछ ।

सभाका सदस्यज्यूहरु,

**पशु सेवा**

१. पशुहरुमा भ्याक्सीनलाई थप प्रबाह गरिनेछ ।
२. पशु स्वास्थ्यलाई प्राथमिकतामा राख्ने नीति गाउँपालिकाको रहने छ । छाडा चौपायाहरुको थप व्यवस्थापन गर्दै लगिनेछ ।
३. पशु नश्ल सुधार कार्यक्रम अन्तर्गत कृत्रिम गर्भधारण कार्यक्रमलाई निरन्तरता दिदै थप कार्यक्रमहरु लागु गरी लगिने छ ।
४. पशु आहारा बिकास कार्यक्रम अन्तर्गत बिभिन्न किसिमका उन्नत घाँस खेतीका लागि किसानहरुलाई प्रोत्साहित गर्न उन्नत जातको घाँसको बिउहरु उपलब्ध गराईनेछ ।
५. आधारभुत प्रयोगशालालाई पुर्णरुपमा संचालनमा ल्याई पशुपंक्षीमा लाग्ने रोगहरुको निदान गर्ने कार्यका लागि थप आवश्यक सामाग्रीहरुको व्यवस्था गर्दै लगिने छ ।
६. व्यवसायिक पशुपालन कृषकहरुलाई थप प्रोत्साहन स्वरुप गोठ खोर ब्यवस्थापन तथा सुधार उन्नत पशु उपलब्ध गराईनेछ ।
७. यस गाउँपालिका अन्तर्गत रहेका पशुपालक कृषकहरुलाई एकिकृत गरी कुनै एक जातिका पशु उत्पादन गर्न लगाई स्रोत केन्द्रको रुपमा स्थापना गरिनेछ।
८. यस जोशीपुर गाउँपालिकामा उत्पादन भएका पशुपंक्षीहरुलाई बिक्रीको लागि बजार सम्म पहुँच पुऱ्याउन पशु हाट बजार वा पशु संकलन केन्द्र स्थापना गरिनेछ।
९. स्वच्छ तथा गुणस्तरीय मासु बिक्री बितरणका लागि कुनै निश्चित ठाँउमा मात्र पशुपंक्षीको मासु बिक्री गर्न मिल्ने ठाँउ चयन गरिनेछ ।
१०. जोशीपुर गाउँपालिकामा रहेको दुग्ध उत्पादन कृषकहरुलाई प्रोत्साहन गर्न बिभिन्न किसिमका सामाग्रीहरु उपलब्ध गराउँदै मध्यमखालको दुध डेरी स्थापना कार्यमा समेत सहयोग गर्ने नीति लिनेछ ।

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

कृषि —

१. स्थानीय आधुनिकीकरण परियोजना विस्तार कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित बनाईनेछ ।
२. रैथाने वालीहरुको संरक्षणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ र पालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्रान्डको रुपमा खाना उपलब्ध गराईनेछ ।
३. उत्पादित कृषिजन्य उपजको लागि शित भण्डार निर्माण कार्य सम्पन्न गरिनेछ ।
४. सुहाउने बाली लगाउन तथा उत्पादनमा बृद्धि गर्न माटो परिक्षण ल्यावको व्यवस्थापन गरी माटो चेकजाँचको व्यवस्था मिलाईनेछ ।
५. स्थानीय बिउ उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
६. एक टोल एक महिला कृषक समुह बिस्तार गरिनेछ ।
७. बजार अनुगमनलाई प्रभावकारी बनाईने छ । साथै पालिका भित्र रहेका संभावित बजारहरुमा हाटबजार बार्है महिना चलाउन आवश्यक प्रबन्ध गरिनेछ ।
८. कृषि तालिम सञ्चालन गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्न कार्यक्रममा जोड दिईनेछ ।
९. कृषिमा यान्त्रिकरण गर्न स्थानीय कृषि आधुनिकीकरण परियोजना संचालन गरिनेछ ।

सभाका सदस्यज्यूहरु,

**सहकारी**

१. सहकारी संस्थाहरुको गुणस्तर अभिबृद्धि गर्न नियमित अनुगमन तथा मुल्याङ्कनलाई जोड दिई निश्क्रिय सहकारी संस्था खारेज / मर्ज गर्ने कार्य अगाडी बढाईनेछ ।
२. सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि गर्न आवश्यक तालिमको व्यवस्था मिलाईनेछ ।

**पूर्वाधार —**

१. शित भण्डारको निर्माण कार्य अघि बढाईनेछ ।
२. सिमराना शिब मन्दिर देखी पश्चिम झुडिया जाने सडक कालोपत्रे र ढल निकास निर्माण गरिनेछ ।
३. वडा नं. ४ हस्नापुर देखी वाणी मन्दिर सम्म कालोपत्रे सडक निर्माण गरिनेछ ।
४. जोशीपुर प्राथमिक स्वास्थ्य केन्द्र र मैनपोखरी जोड्ने पुल निर्माण गरिनेछ ।
५. क्रमागत योजनाको रुपमा रहेको सिद्धार्थ बोडिङ्ग स्कुल देखी सिमरी सम्म कालोपत्रे सडक कार्य सम्पन्न गरिनेछ।
६. वडा नं. ६ को कार्यालय भवनका लागि आवश्यक जगगा व्यवस्थापन गरी निर्माण कार्य सम्पन्न गरिनेछ ।

७. बिभिन्न बाटोहरु पानी पिच, ढल निकास निर्माण, ग्राभेल नयाँ बाटो निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
८. सुबिधा सम्पन्न पालिका स्तरीय बसपार्क निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गरी आवश्यक पहल गरिनेछ ।
९. सार्वजनिक पुर्वाधार निर्माण गर्दा अपाङ्ग मैत्री तथा वालवालिका मैत्री पुर्वाधार निर्माण गरिनेछ ।
१०. बिकास निर्माण गर्ने कार्य उपभोक्ता समिति मार्फत गर्ने कार्यलाई प्रोत्साहन दिई स्थानीय रोजगारी सृजना गरिनेछ ।

**पर्यटन —**

१. गाउँपालिका पर्यटकीय गणतब्यको लागि आकर्षक स्थानहरु पहिचान गरी प्रचार प्रसार गरिनेछ ।
२. गाउँपालिकाका विभिन्न जातजाती तथा समुदायहरुको संस्कृति, पर्व, भाषा तथा परम्पराहरुको संरक्षण गरिनेछ ।
३. कुटनीमाता मन्दिरका समग्र बिकासका लागि सम्बन्धित निकाय संग समन्वय गरी व्यवस्थापनको कार्य अघि बढाईनेछ ।

**उद्योग —**

१. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सुचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाईनेछ ।
२. गाउँपालिका क्षेत्रमा उद्योगका अवसरहरु पहिचान गरी गाउँपालिकामा औधोगिक ग्राम स्थापना गर्न सम्बन्धित निकाय संग पहल गरिनेछ ।

**न्यायीक समिति —**

१. गाउँसभाबाट हाल सम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्राहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ ।
२. न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता तथा कर्मचारीहरुको न्यायिक ज्ञान र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
३. न्यायिक समितिको अधिकार क्षेत्र भित्र परेका मुद्दाहरुलाई छिटो छरिटो रुपमा फर्छ्यौट गरी सामाजिक न्याय कायम गराईनेछ ।

सभाका सदस्यज्यूहरु,

**सार्वजनिक सेवा तथा सुशासन —**

१. उत्तरदायित्व प्रबर्धनको आधार स्तंभका रुपमा रहेका सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण नियमित रुपमा सम्पन्न गरिनेछ ।

२. नागरिकहरुको गुनासोको सुनुवाई तथा जिज्ञासाको सम्बोधनका लागि Online गुनासो तथा प्रत्येक वडा कार्यालयमा गुनासो पेटिकाको व्यवस्था मिलाईनेछ ।

३. जनप्रतिनिधी तथा कर्मचारीको सिप, क्षमता र दक्षता विकासका लागि तालिम, सेमिनार, गोष्ठी, सिमुलेसन तथा अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।

४. गाउँपालिकाबाट प्रबाह हुने सम्पुर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, आपरदार्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशिलता व्यवहारिक प्रयोग सुनिश्चिता गरिनेछ ।

५. गाउँपालिकाको कार्यबोझ र कार्य सम्पादन स्थितिलाई मध्येनजर गर्दै विद्यमान प्रशासनिक संरचनालाई चुस्त दुरुस्त बनाउन रिक्त दरबन्दी कर्मचारी प्रदेश लोकसेवा आयोगबाट माग गरिनेछ ।

६. बजार अनुगमनलाई प्रभावकारी बनाईनेछ । गाँउपालिका स्तरीय हाट बजार बाह्रै महिना चलाउन आवश्यक प्रबन्ध गरिनेछ ।

७. सार्वजनिक निजि क्षेत्रको साझेदारीमा पूर्वाधार निर्माण गरी फोहोरमैला प्रशोधन केन्द्रलाई व्यवसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोरमैला संकलन व्यवस्थापन र उपभोग गर्ने कार्य अघि बढाईनेछ ।

**विपद व्यवस्थापन —**

१. विपद् व्यवस्थापन जोखिम नक्साङ्कन तयार भई नसकेकोले जोखिम नक्साङ्कन तयार गरिने छ।

२. गाउँपालिका स्तरिय आपतकालिन तथा भण्डारण स्थापना तथा संचालनका लागि पहल गरिने छ।

३. निजि तथा सामुदायिक वनलाई प्रोत्साहित गर्दै निजि तथा सामुदायिक वन पालिकामा दर्ता गर्नका लागि सहुलियत र उत्पादनको सहज वितरणका लागि व्यवस्था गरिने निति बनाइने छ।

४. सार्वजनिक महत्वपूर्ण स्थलहरु जस्तै खुल्ला क्षेत्र, पार्क ,ताल तलैया, पोखरी ,वनभोजस्थल, संरक्षण गरिनेछ।

५. राहत सामाग्री खरिद, भण्डारण तथा वितरण नीति लिइनेछ ।

६. वडास्तरिय विपद् व्यवस्थापन समितिमा पदाधिकारीहरुसंग समन्वय गरिनेछ।

७. विपद् जोखिमबाट वचाउन जनशक्तिको क्षमता विकास तथा सामाग्री व्यवस्थापन गरिनेछ।

८. विपद् जोखिक न्युनिकरणका लागि जनचेतनाका लागि जनचेतनामुलक वडास्तरिय नाटक प्रर्दशन गरिनेछ ।

**श्रम तथा रोजगार**

१. रोजगार सेवा केन्द्रलाई जनमुखी, उत्तरदायी र जवाफदेही संस्थाको रुपमा विकास गरिदै लगिनेछ ।
२. आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गरिनेछ ।
३. दक्ष, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति उत्पादन तथा आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्न बेरोजगारहरुलाई आवश्यक सीपमूलक एवं रोजगारमूलक तालिमको व्यवस्था मिलाईनेछ।
४. गाउँपालिका भित्रका दक्ष जनशक्तिहरुलाई सूचीकृत गरि गाउँपालिकाभित्रै रोजगारीमा स्थानान्तरण गर्ने व्यवस्था मिलाईनुका साथै CTEVT बाट सिप परिक्षण गर्ने ब्यावस्था मिलाइने छ ।
५. श्रम बजारको माग अनुसारको दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्न सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।
६. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र शोषण मुक्त बनाउन वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको सहजताको लागि पूर्व प्रस्थान अभिमुखीकरण तालिम गाउँपालिकाबाट सञ्चालन गर्न वैदेशिक रोजगार बोर्डसंग आवश्यक सहजीकरण गरिनेछ ।
७. रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई गाउँपालिकाबाट सञ्चालित आयोजनाहरुमा संलग्न गराई न्यूनतम रोजगारीको प्रत्याभूति गरिनेछ ।
८. कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुमा गाउँपालिकाको साझेदारी संगसंगै अन्य सरोकारवालाहरुसंग साझेदारीका लागि आवश्यक पहल गरिनेछ ।
९. नेपाल सरकारबाट जारी गरिएको एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालन सम्बन्धी कार्यविधिलाई पालिकामा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

**भूमि व्यवस्थापन —**

१. यस आ.ब. २०८१/०८२ मा जग्गा नापजाँच गरी लालपुर्जा वितरण गरिने व्यवस्था मिलाईनेछ ।

**खानेपानी तथा सरसफाई —**

१. यस आ.ब. २०८१/०८२ मा खानेपानी क्षेत्रगत सुशासन पुर्वाधार सहयोग आयोजना (बिश्व बैंक ) संघ, प्रदेश र स्थानीय साझेदारीमा खानेपानीमा वडा नं. १, ४ र ६ मा खानेपानी आयोजनाको काम शुरु गरिनेछ ।

२. यस आ.ब.२०८१/०८२ मा बाँकी रहेको सम्पुर्ण वडामा खानेपानी योजना बिस्तार गरिनेछ ।
३. खानेपानी क्षेत्रगत सुशासन पुर्वाधार सहयोग आयोजनाको सहयोगमा जोशीपुर बजारमा स्मार्ट शौचालयको निर्माण गरिनेछ ।
४. फोहोरमैला व्यवस्थापनलाई निरन्तरता दिईनेछ ।

**राजश्व व्यवस्थापन —**

१. प्रबिधि मैत्री राजश्व प्रणालीलाई थप मजबुत बनाईनेछ तथा राजश्व बृद्धि गरी राजश्वका दायराहरुको पहिचान गरिनेछ ।
२. सुत्रको राजश्व मोडुलस ल्याई साउन देखी अनिवार्य लागु गरिनेछ ।
३. जुन वडाले थप ताल तलैया, जंगलबाट उठाउने राजश्व सोही वडामा बिकासे खर्च गर्न सकिने व्यवस्था मिलाईनेछ ।

अन्य —

१. दलित लक्षित कार्यक्रम संचालन गरिनेछ ।
२. गाउँपालिकाले छिमेकी पालिकाहरु संग भगिनी सम्बन्ध बिस्तार गर्ने नीति लिनेछ ।
३. लोक सेवा आयोगले पदपुर्ती गरिसकेका पदहरुमा करारको कर्मचारी राखिने छैन ।
४. आवश्यकताको आधारमा दरबन्दी हेरी प्राबिधिक पदहरुमा करारको कर्मचारीहरु भर्ना गर्न सकिने छ ।
५. गाउँपालिकालाई सुरक्षा कायम गर्नलाई गाउँ प्रहरी भर्ना गरिने प्रक्रिया अगाडी बढाईने छ ।
६. आ.ब. २०८१/०८२ को गरेका कामका गतिबिधिहरु समिक्षाको रुपमा सार्वजनिक परिक्षणमा जोड दिईनेछ ।

सभाका सदस्यज्यूहरु,

अन्त्यमा, संघिय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संबिधानमा भएको व्यवस्था बमोजिम स्थानीय तहको सरकारको हैसियतले व्यवस्थापकीय, कार्यपालिकीय तथा न्यायीक अधिकार कार्यान्वयनको अभ्यास गर्दै चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम सफल पार्न सहयोग पुऱ्याएर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने सुअवसर प्रदान गर्नुभएकोमा गाउँसभाका सम्पुर्ण सदस्यज्यूहरु, गाउँपालिकाबासी, नेपाल सरकार, प्रदेश सरकार, सबै राजनितिक दल, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, संचार जगत तथा सरोकारवाला पक्षहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु । धन्यबाद ।

चित्र बहादुर चौधरी
गाउँपालिका अध्यक्ष